## लोक सेवा आयोग

## राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, प्रशासन, पाँचौं, वरिष्ठ सहायक पदको

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/३/२०

पत्र : प्रथम

समय : ३ घण्टा — पूर्णाङ्क : १००

### विषय : बैंकिङ लेखा तथा कम्प्यूटर/आइटी

प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ।

१. वर्तमान बैंकिङ व्यवसायमा ग्राहकमुखी बैंकिङ सेवाको आवश्यकतामाथि प्रकाश पार्दै राष्ट्रिय वाणिज्य बैंकको ग्राहक सेवाको गुणस्तरमा कसरी सुधार गर्न सकिन्छ ? सुझाव दिनुहोस्। ८ + १२ = २०

Higlighting about the importance of customer oriented banking service in recent banking business, how it can be improved in the quality of cutomer care service of Rastriya Banijya Bank? Suggest.

8 + 12 = 20

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार बैंक तथा वित्तीय संस्थाको संचालक समितिको गठन सम्बन्धी व्यवस्थाबारे प्रकाश पार्नुहोस्। कुनै संचालक पदमा मनोनित हुन वा निर्वाचित हुन वा कायम रहन अयोग्य मानिने अवस्थाहरू कुन कुन हुन् ? स्पष्ट रूपले वर्णन गर्नुहोस्। ८ + १२ = २०

Highlight on the provisions of the formation of board of directors in a bank and financial institution as per the provision of Bank and Financial Institution Act. What are the conditions in which any board member can not be nominated or elected or not valid to continue for the post? State clearly.

8 + 12 = 20

३. नाफा नोक्सान हिसाब भन्नाले के बुझिन्छ ? यसको मुख्य विशेषताहरूको चर्चा गर्दै नाफा नोक्सान हिसाब र वासलातबीचको भिन्नता छुट्याउनुहोस्। २ + ८ + १० = २०

What is meant by Profit and Loss (P/L) Account? Discussing the salient features of P/L Account distinguish between P/L Account and Balance Sheet. 2 + 8 + 10 = 20

४. नेपाल राष्ट्र बैंकले जारी गरेको एकिकृत निर्देशनमा संलग्न मुख्य ५ वटा निर्देशनहरू उल्लेख गरी तिनीहरूको विशेषता छोटकारीमा चर्चा गर्नुहोस्। ५ + १५ = २०

Enumerate five main directives included in the Unitied Directives isuued by Nepal Rastra Bank and discuss their features in brief. 5 + 15 = 20

५. वित्तीय संस्थाहरूका लागि जारी Information Technology Guideliness मा security सम्बन्धमा गरेका प्रमुख व्यवस्थाहरूको बारेमा वर्णन गर्नुहोस्। ६ + ६ + ८ = २०

What is data security system? Why is it necessary? Describe about the major provisions relating to security provisioned in Information Technology Guideliness issued by Nepal Rastra Bank for the bank and financial Institutions. 6 + 6 + 8 = 20

❑❑❑

लोक सेवा आयोग

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, प्रशासन, पाँचौ, वरिष्ठ सहायक पदको

प्रतियोगितात्मक लिखित परिक्षा

२०७४/३/२१

पत्र : द्वितीय

समयः ३ घण्टा | पूर्णाङ्कः १००

विषयः व्यवस्थापन, गणित तथा सेवा सम्बन्धि

प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ।

१. संगठनमा द्वन्द्व उत्पन्न हुने कारणहरू २ सोका प्रभावहरू के के हुन् ? द्वन्द्व व्यवस्थापनका लागि अपानाउनु पर्ने प्रभावकारी उपायहरू उल्लेख गर्नुहोस्।

What are the causes of conflict and its impacts in an organization? Mention the effective measures for conflict management. $10 + 10 = 20$

२. कार्यालय व्यवस्थापन भनेको के हो ? यसका प्रमुख कार्यहरू के के हुन् ? नेपालको सन्दर्भमा कार्यालय व्यवस्थापनमा देखापरेका चुनौतिहरू उल्लेख गर्दै सुधारका लागि अपनाउनुपर्ने उपायहरूका बारेमा व्याख्या गर्नुहोस्। What is office management? What are the major functions of it? In the context of Nepal, elaborating the challenge existed on office management, explain the corrective measures to be adopted for the improvement.

$10 + 10 = 20$

३. राष्ट्रिय बाणिज्य बैंक वृतिमा विकासका के कस्ता अवसहरू रहेका छ ? यसलाई थप प्रभावकारी बनाउन के के गर्नसकिन्छ ? सुझाव दिनुहोस्। What sorts of career development opportunities are three in Rastriya Banijya Bank? We can be done to make it more effective? Give suggestions. $10 + 10 = 20$

४. क) एक विद्यार्थीले रू. १५,००० ऋण लिएर बार्षिक १२ प्रतिशत ब्याजदरमा एउटा कम्प्युटर खरिद गर्‍यो। यदि मासिक किस्ताको आधारमा भुक्तानी गर्ने गरि २ वर्षको अवधिमा ऋण तिनुपर्ने हो भने उसले प्रति महिनामा कति रकम तिर्नुपर्दछ। A student taking a loan of Rs. 15,000 purches a computer at 12% rate of interest per annum. If the loan is to be paid back in monthly installment basis over 2 years, how much amount should he pay per month? 10

ख) राम र श्यालमे कुनै काम ८ दिनमा पूरा गर्न सक्छन्। राम एक्लैले सो काम गर्न १२ दिन लगाउँछ। यदि उसले ४ दिनसम्म मात्र काम गरेर छोड्छ भने श्याम एक्लैले बाँकी काम पूरा गर्न कति दिन लाग्ला ? 10

५. बैंकको कार्जा जोखिम न्यूनिकरण गर्न कर्जा सूचना केन्द्रको कस्तो भूमिका रहेको छ चर्चा गर्दै कस्ता ऋणीहरूलाई बैंकमा नियतपूवर्क ऋण नतिर्ने ऋणीहरूको सूचीमा राखिन्छ लेख्नुहोस्।

How credit information bureau can play vital role to minimize credit risk of Banks what types of loan clients are declared as willful defaulters in Bank.

$10 + 10 = 20$

❑❑❑